

# ३ अनन्तको करार

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति १२:१-३, रोमी ४:१-५, प्रस्थान २:२४, व्यवस्था ५:१-२१, व्यवस्था २६:१६-१९, व्यवस्था ८:५ र मत्ती २८:१०।

***यस अध्यायको मूल सार पद:*** **"तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा अनन्त वा युग-युगसम्म स्थापित गर्नेछु" (उत्पत्ति १७:७)।**

"र मैले अर्को स्वर्गदूत आकाशको बीचमा उडिरहेको देखें। उनीसँग अनन्त वा युगौं युगसम्मको सुसमाचार थियो जुन यस संसारमा रहने प्रत्येक राष्ट्, जाति, भाषा र मानिसलाई सुनाउनको लागि थियो" (प्रकाश १४:६ रूपान्तरित)। अनन्त वा युगौं युगको सुसमाचार भनेको तात्पर्य के हो? त्यो समाचारको अस्तितव जहिले पनि थियो। युगौं युगसम्म थियो। त्यो समाचार येशूमा हामीलाई दिने प्रतिज्ञा गरिएको थियो। यो समय सुरु हुनुभन्दा अघि नै येशूमा थियो (तितस १:२)।

त्यसकारण, अरू समयहरूमा पनि "अनन्तको वा युगौं युगको करार" (उत्पत्ति १७:७, यशैया २४:५, यशैया १६:६०, हिब्रू १३:२०) बाइबलमा बारम्बार लेखिएकोमा हामी अचम्म मान्नु हुँदैन। किनभने, सुसमाचारको सार तत्व नै करार हो र करारको सार तत्व नै सुसमाचार हो। परमेश्वरले हामीलाई उहाँको अनुग्रह अनुसार मुक्ति उपलब्ध गराउनुहुन्छ जुनको निम्ति हामी योग्य छैनौं र हामीहरूको अनेकौं धर्मकर्म, परोपकारी, दान आदि गरेर आर्जन गर्न सक्दैनौं। त्यसको प्रत्युत्तरमा केवल हामीले उहाँलाई प्रेम गर्नु सिवाय अरू छैन। कुन स्थितिले उहाँलाई हामीले प्रेम गर्ने त? हामीहरूको सारा हृदय वा मनले, हामीहरूको सारा आत्मा वा प्राणले, हामीहरूको सारा दिमागले र हामीहरूको सारा बलशक्तिले उहाँलाई प्रेम गर्नुपर्छ (मर्कूस

१२:३०) आँशिकरूपमा होइन। उहाँलाई त्यस मनस्थितिमा प्रेम गरेका छौं भनेर प्रकट कसरी गर्छौं त? उहाँको व्यवस्था वा दश आज्ञालाई शिरोपर गरेरः "किनभने यो नै परमेश्‍वरको प्रेम हो, किनभने हामीले उहाँका आज्ञाहरू पालन गर्छौं" (१ यूहन्ना ५:३ रूपान्तरित)।

व्यवस्थाको पुस्तकमा करारलाई कसरी व्यक्त गरिएको छ यस अध्यायमा हामी हेर्नेछौं। **परमेश्‍वरका जनहरूको** जीवनबाट करारका मागहरू कसरी प्रकट गरिन्छ सो हामीले नियाल्नेछौं।

## १. करार र सुसमाचार

करार र सुसाचार बाइबलभरि नै सँगसँगै देखा परेको हामी पाउँछौं। करार भन्ने अवधारणा इस्राएल राष्ट्रको उत्पत्ति पहिले नै थियो। उदाहरणमा नोहासँग परमेश्‍वरले गर्नुभएको करारलाई लिन सकिन्छ। करार भन्ने शब्दको अर्थ नै सम्झौता हो अर्थात् दुई समूहको बीचमा ल्याउने समीकरण गर्ने वा साम्य बनाउने हो। परमेश्‍वरका जनहरूसँग उहाँको अन्तर्क्रिया वा संवादद्वारा करार व्यक्ति गरिएको थियो। त्यो इस्राएली जाति भनेर अस्तित्व हुनु अघि नै तिनीहरूको पितापूर्खासँग गरिएको थियो।

सुरुदेखिनै करारले केन्द्रित गरिएको सत्य नै सुसमाचार थियोः परमेश्‍वरमाथिको बिश्‍वास वा आस्थाबाटमात्र मुक्ति।

**देहायका पदहरू पढ्नुहोस्। अब्राम जो पछि अब्राहम भएसँग गरिएको करारको प्रतिज्ञा के थियो र सुसमाचारमा त्यो करारको प्रतिज्ञा कसरी प्रकट गरिएको छ? हेर्नुहोस्, उत्पत्ति १२:१-३ "१ अब्राम, तिनकी पत्नी र तिनीसँग भएका सबै थोक र लोतलाई साथमा लिएर मिश्रबाट उक्लेर नेगेवमा आए। २ पालिने पशु, सुन र चाँदी भएकाले अब्राम अति धनाढ्य थिए। ३ तिनी नेगेवबाट यात्रा गरेर बेथेलको त्यस ठाउँमा आइपुगे जहाँ अघि सुरुमा बेथेल र ऐको बीचमा तिनको पाल टाँगिएको थियो, ४ र जहाँ तिनले पहिले वेदी बनाएका थिए। त्यहाँ अब्रामले परमप्रभुका नाउँको पुकारा गरे।", उत्पत्ति १५:५-१८ "५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्‍वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो। ७ फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।" ८ तर अब्रामले भने, "हे परमप्रभु परमेश्‍वर, मैले यसको अधिकार गर्न पाउँछु**

भनेर म कसरी थाहा पाऊँ?" ९ उहाँले तिनलाई भन्नुभयो, "मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेड़ा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ल्याऊ।"

१० तिनले ती सबै उहाँकहाँ ल्याए, र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए। तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन्। ११ अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए।

१२ सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे, अनि डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो। १३ तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "यो निश्‍चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। १४ तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्। १५ तिमीचाहिँ आफ्ना पितृहरूकहाँ शान्तिसित जानेछौ। तिम्रो पूरो बुढ़ेसकालमा तिमीलाई गाड़िनेछ। १६ चौथो पुस्तामा तिम्रा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन।" १७ सूर्य अस्ताएपछि जब अँध्यारो भयो तब मासुका टुक्राहरूका बीचबाट धूवाँ आइरहेको आगोको एउटा मकल र बलिरहेको एउटा राँको छिरिगयो। १८ त्यसै दिन परमप्रभुले अब्रामसित यसो भनेर करार बाँध्नुभयो, "तिम्रा सन्तानहरूलाई मिश्रदेशको नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु।" र रोमी ४:१-५ "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्‍वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्‍वरमाथि विश्‍वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्‍वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्‍वास धार्मिकता गनिन्छ।"

अब्राहमले परमेश्‍वरलाई विश्‍वास गरे। उनलाई परमेश्‍वरले गर्नुभएको प्रतिज्ञालाई उनले विश्‍वास गरे। उनको केवल यो विश्‍वासले गर्दा उनी धर्मात्मा वा परमेश्‍वरको सामु धर्मी अर्थात् निर्दोष ठहरिएस। उनलाई घोषणा

गरिएको निर्दोष वा धर्मीको करार सस्तो वा हल्का पाराले आउने अनुग्रह थिएनः परमेश्वरको आज्ञालाई पालन गरेर र उचालेर करारलाई निरन्तरता दिने प्रतिवद्धता अब्राहमले गरेका थिए। यसको ज्वलन्त उदाहरण हामीले उत्पत्ति २२मा हेर्छौं जहाँ मोरायाहको पहाडमा उनको अनुभव भएको लेखिएको छ। उनले जे गरेतापनि उनको क्रियाकलापले होइन तर उनको विश्वासले गर्दा उनी धर्मी ठहरिएको थियो (रोमी ४:५)। त्यसैकारण शताब्दीयौं पछि पावलले अब्राहमको अनुकरणीय उदाहरणलाई लिएर परमेश्वरका जनहरूसँग गरिएका करारका प्रतिज्ञाहरू अनुसार जिउनु भनेको के हो भनेर अर्थ खुलाएका थिए।

यो विषयबस्तु बाइबलभरी नै गुञ्जिएको छ। पावलले अर्को पटक गलाती ३:६मा पनि उत्पत्ति १५:६लाई लिएर विश्वासद्वारामात्रै अब्राहम कसरी धर्मी ठहरियो भनेर बताउँदछ। उनको सन्तानद्वारा नै सारा राष्ट्रका मानिसहरूले आशिष पाउनेछन् भनेर गरेको करार गलाती ३:८, ९मा पावलले उल्लेख गर्दछन्। ती करारका प्रतिज्ञाहरू सबै यहूदी र यहूदी नभएका प्रत्येक मानिसलाई प्रदान गरिएको छ, जो विश्वासमा छन् (गलाती ३:७)। यसरी कुनै धर्मकर्म वा दश आज्ञाहरू पालन गरेर कोही धर्मी वा परमेश्वरको सामु निर्दोष ठहरिने होइन तर उहाँमाथिको विश्वासद्वारामात्र ठहरिन्छ। त्यही धर्मी वा निर्दोष वा परमेश्वरको सामु सफा हुन गएकोले नै त्यसलाई निरन्तरता दिन उहाँका जनहरूले उहाँका आज्ञाहरू शिरोपर गरेर चल्दछन्।

यर्मियाको पुस्तकमा पनि व्यवस्थाको सन्दर्भलाई लिएर नयाँ करारको बारेमा यसरी चर्चा गर्छन्: "परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्" (यर्मिया ३१:३३)। यही भाषा लेबीहरूको पुस्तकमा व्यक्त गरिएको छ, "म तिमीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु, अनि तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ" (लेवीहरू २६:१२)।

**युगको अन्तमा चेतावनीको लागि दिएका प्रकाश १४मा उल्लेखित तीन स्वर्गदूतहरूका सन्देशहरूसँग करारको अवधारणा र सुसमाचारको सन्देश कसरी ठ्याक्कै मिल्दछ? सोच्नुहोस्।**

## २. करार र इस्राएल जाति

"तिमीहरूको धार्मिकता वा ईमानदारीको कारणले उनीहरूको देश अधिकार गर्न तिमीहरू प्रवेश गर्न लागेका होइनौ। तर यी जातिको दुष्टताले गर्दा तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई परमप्रभु तिमीहरूका परमेश्वरले यिनीहरूलाई तिमीहरूका सामुबाट निकाल्नुहुनेछ। ६ यसकारण याद राख, कि तिमीहरूको धार्मिकताको कारणले यो असल देश परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा दिन लाग्नुभएको होइन। किनभने तिमीहरू त हठी मानिसहरू हौ" (व्यवस्था ९:५,६, "आफ्ना दासहरू अब्राहाम, इसहाक र याकूबलाई सम्झनुहोस्। यी मानिसहरूका हठ, दुष्टता र पापतिर नहेर्नुहोस्" व्यवस्था ९:२७)। माथिको पदमा करारका प्रतिज्ञाहरूको वास्तविकतालाई कसरी प्रकट गरिएको छ?

यहाँ पनि अनुग्रहको करार देखापर्छः ती मानिसहरूले निरन्तररूपमा भुल गरिरहेतापनि वा हठी, विद्रोही भएर बसेतापनि परमेश्वरले तिनीहरूको निम्ति अनुग्रहद्वारा काम गरिरहनुभएको थियो। (आज पनि त्यही किसिमको सुसमाचारले काम गरेको हुनुपर्छ)। पूर्खाहरूलाई गरेको प्रतिज्ञाले गर्दा नै परमेश्वरको अनुग्रह भविष्यका सन्तानहरूलाई पनि उपलब्ध गराइएको थियो।

जब मोशाले आफ्ना जनहरूसँग करारको प्रतिज्ञाहरूको मामिलामा चर्चा गरे, तब उनले प्रायजसो पूर्खाहरूलाई दिएका करारका प्रतिज्ञाहरूलाई औँल्याएका थिए।

हेर्नुहोस देहायका पदहरू। ती पदहरूमा के भनिएको छ जसले करारका प्रतिज्ञाहरूले कसरी काम गर्दछन् भनेर हामीलाई देखाउन सहयोग गर्दछ? हेर्नुहोस् "२३ धेरै दिन बितेपछि मिश्रका राजा मरे। इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्न लागे। दासत्वको बन्धनमा तिनीहरूले गरेको पुकारा परमेश्वरकहाँ पुग्यो। २४ परमेश्वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। २५ यसैले परमेश्वरले इस्राएलीहरूमाथि नजर राख्नुभयो, र उहाँ तिनीहरूको अवस्थामा चिन्तित हुनुभयो" (प्रस्थान २:२३-२५), "६ "यसकारण इस्राएलीहरूलाई भन्, 'म परमप्रभु हुँ। म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु। आफ्नो हात उठाएर तिनीहरूलाई भारी दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु। ७ म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु। अनि म तिमीहरूका परमप्रभु परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रीहरूको

दासत्वबाट निकाल्नुभयो भन्ने कुरा तिमीहरूले जान्नेछौ। ८ अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ। म त्यो तिमीहरूको अधिकारमा दिनेछु। म परमप्रभु हुँ" ( प्रस्थान ६:६-८) र "४० " 'तर यदि तिनीहरूले आफ्नै र आफ्ना पिता-पुर्खाका पाप,र मेरो विरुद्धमा तिनीहरूले विश्वासघात गरेको अधर्म र मप्रति देखाएको शत्रुता स्वीकार गरे भने— ४१ जसले गर्दा म तिनीहरूको शत्रु भएँ, र मैले तिनीहरूलाई तिनीहरूका शत्रुहरूको देशमा पठाएँ— यदि आफ्ना दुष्ट हृदय नम्र तुल्याई आफ्ना पापका लागि सजाय भोगे भने, ४२ याकूब, इसहाक र अब्राहामसँग गरेको मेरो करारको साथै त्यो देशलाई पनि म सम्झनेछु। ४३ त्यो देश तिनीहरूले त्याग्नेछन्, र तिनीहरूविना उजाड़ रहँदा देशले आफ्ना शबाथहरू भोग गर्नेछ। अनि तिनीहरूले आफ्नो अधर्मको सजाय भोग्नेछन्, जुन सजाय मेरो विधान लत्त्याउँदा र मेरा विधिलाई तिरस्कार गर्दा मैले तिनीहरूलाई दिएको थिएँ" (लेवीहरू २६:४०-४३)।

मिश्रदेशबाट इस्राएलीहरूलाई निकालेर ल्याउनुनै परमेश्वरको महान् अचम्मको मुक्तिदिने अनुग्रहको प्रतिक थियो। करारको अनुग्रहको प्रतिज्ञा तिनीहरूका पूर्खाहरूलाई गरेको आधारमा सो कार्य गरिएको थियो। फेरि करारबाट पाइने फाइदाहरू सुरुहुनुहुँदा पहिलेदेखि नै तिनीहरूको निम्ति प्रतिज्ञाहरू रचिएका थिए। यसरी, तिनीहरूको आफ्नै योग्यताको कारणले वा असल कामले गर्दा होइन तर तिनीहरूलाई उद्धार गर्ने प्रतिज्ञाहरू पूरा गर्न विभिन्न अचम्म कामहरू गर्नुहुँदै र मिश्रदेशबाट निस्केर आएको बेलामा विभिन्न घट्नाहरूद्वारा परमेश्वरले तिनीहरूलाई उपलब्ध गराउनुभएको थियो।

मिश्रदेशबाट निस्केको समयमा नै परमेश्वरका सबै प्रतिज्ञाहरू पूरा भएका थिएनन्। मिश्रदेशबाट सिनैको पहाडमा आइपुगेको बेलामा करारको आधिकारिक स्थापना त्यस पहाडमा भएको थियो (प्रस्थान २० हेर्नुहोस्)। त्यस करारको केन्द्रविन्दुमा सुसमाचार र व्यवस्था, दश आज्ञाहरू थिए जुन तिनीहरूलाई मान्न वा पालन गर्न आह्वान गरिएको थियो। तिनीहरूलाई उद्धार गरिसकेपछि नै (सुसमाचार) परमेश्वरसँग मुक्ति दिने सम्बन्धमा लाग्न त्यस करारलाई प्रकट गरिएको थियो। व्यवस्था वा दश आज्ञाहरूहरूलाई तिनीहरूको तर्फबाट पालन गरेर करारलाई निरन्तरता दिन व्यवस्थाको पुस्तकमा बारम्बार दोहोऱ्याइएको हामी पाउँछौं। त्यो करार सिनैको पहाडमा अनुमोदन गरिएको थियो।

आज पनि हाम्रो जीवनमा परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले कस्तो भूमिका खेल्नुपर्दछ? हामी पनि अनुग्रहद्वारा मुक्ति पाएका छौ। परमेश्वरसँग हाम्रो सम्बन्धको अनुभव गर्न उहाँको व्यवस्था वा दश आज्ञाहरू किन निर्णायक छ?

## ३. करारको पुस्तक

करारलाई हिब्रू भाषामा *बेरिट* ***berit*** भनिन्छ। यसको अवधारणाले परमेश्वरको सम्बन्ध उहाँका जनहरूको बीचमा भएको देखाउँछ। यो अवधारणा बाइबलभरि छरिएतापनि यो करार शब्द व्यवस्थाको पुस्तकमा धेरै उल्लेख गरेको पाइन्छ। यसैले गर्दा व्यवस्थाको पुस्तकलाई प्रायजसो "करारको पुस्तक" भनेर पनि सम्बोधन गरिन्छ।

**व्यवस्था ५:१-२१ पढ्नुहोस्। यहाँ के भइरहेको छ जसले गर्दा व्यवस्थाको पुस्तकमा करारको अवधारणालाई केन्द्रविन्दु मानिएको हामीलाई बुझाउन खोज्दछ? हेर्नुहोस्, "१ मोशाले सबै इस्राएलीहरूलाई बोलाएर भनेः हे इस्राएली हो, आज मैले तिमीहरूलाई दिएका विधि र विधान सुन, र ती होशियारीसाथ पालन गर। २ परमप्रभु हाम्रा परमेश्वरले हामीसित होरेबमा करार बाँध्नुभयो। ३ परमप्रभुले यो करार हाम्रा पिता-पुर्खासँग होइन, तर हामीसँग, जो आजसम्म यहाँ जीवित छौं, यो बाँध्नुभएको हो। ४ परमप्रभुले तिमीहरूसँग पर्वतमा अग्निबाट आमनेसामने कुरा गर्नुभयो। ५ (त्यस बेला म नै परमप्रभु र तिमीहरूका बीचमा भएर परमप्रभुका वचन तिमीहरूलाई जनाउन खड़ा भएँ, किनकि तिमीहरू अग्निको कारण डराएका थियौ, र पर्वतमा उक्लेनौ।) अनि उहाँले भन्नुभयोः ६ “म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेश, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ। ७ “मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू।**

**८ “आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। ९ तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु,**

**१० तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु। ११ “परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा**

नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहराउनुहुनेछैन। १२ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू- आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो। १६ परमप्रभु आफ्ना परमेश्वरले आज्ञा दिनुभएझैं आफ्ना बाबु र आमालाई आदर गर्नू, र परमप्रभु आफ्ना परमेश्वरले दिनुभएको देशमा तिमीहरूको आयु लामो होस्, र त्यहाँ तिमीहरूको भलो होस्। १७ "हत्या नगर्नू। १८ "व्यभिचार नगर्नू। १९ "चोरी नगर्नू। २० "आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू। २१ "आफ्नो छिमेकीका पत्नी, घर, खेतबारी, कमारा, कमारी, गोरु, गधा, अथवा त्यसको कुनै पनि वस्तुको लालच नगर्नू।"

मिश्रदेशबाट इस्राएलीहरूलाई छुटाएर ल्याएको केही समयभित्रै परमेश्वरले तिनीहरूसँग सिनै पहाडमा करारको स्थापना गर्नुभएको थियो। तिनीहरू प्रतिज्ञा गरिएको देशमा पस्नुपर्ने समयको ठीक अघि त्यो कार्य भएको थियो। अब मरुभूमिमा ४० वर्षको भौंतारिएको समयपछि तिनीहरू प्रतिज्ञा गरिएको देशमा फेरि जानु अघि परमेश्वरले मोशाद्वारा प्रतिज्ञाको करार (उत्पत्ति १२:७, प्रस्थान १२:२५) सुनाउनुभएको थियो। त्यो करार थियो दश आज्ञाहरू। दश आज्ञाहरू फेरि दोहोऱ्याएर दिएका कारण तिनीहरूसँगको करारको सम्बन्धमा ती आज्ञाहरू मान्नुपर्ने अभिभारा तिनीहरूमाथि दिएको थियो भनेर जोड गर्नलाई नै परमेश्वरले मोशाद्वारा सुनाउनुभएको थियो।

हो, तिनीहरूलाई दिइएका करारका प्रतिज्ञाहरू परमेश्वरले पूरा गर्नुहुनेछ। अब यो करारको सम्बन्धलाई थामिराख्न वा उचालिराख्न तिनीहरूलाई सुम्पिएको दश आज्ञाहरूको पालन गर्ने जिम्मेवारी तिनीहरूको थियो: "उहाँले आफ्नो करार, आफ्ना दश आज्ञा तिमीहरूले पालन गर्न भनी दिनुभयो, र उहाँले दुई वटा शिला-पाटीमा ती लेखिदिनुभयो" (व्यवस्था ४:१३)। सिनै पहाडमा परमेश्वरले पहिले सबैको अगाडि दश आज्ञाहरू मौखिकरूपमा सम्बोधन गर्नुभयो र लिखितरूपमा पनि दिनुभयो, अब फेरि

तिनीहरू प्रतिज्ञा गरिएको देशमा जानुभन्दा ठीक अघि फेरि दिनुभएको थियो। शताब्दीयौं पहिले तिनीहरूका पूर्खाहरूलाई दिइएको अनन्तको करार यसबेला पनि प्रकट गरिएको थियो। यो करार किन अनन्तको भयो भने पृथ्वीको अस्तित्व हुनुभन्दा अघिदेखि नै दश आज्ञाहरू परमेश्वरको राज्यको संविधान थियो (लुशिफर र उसका स्वर्गदूतहरूले पहिलो आज्ञाको बिरुद्धमा गएका थिए। परमेश्वरको राज्यको लोभ गर्नु नै उसको पतन हुन गएको थियो। यसरी एकपछि अर्को आज्ञाहरू उसले उल्लङ्घन गरेको थियो-अनुवादक)।

"यदि मानिसलाई सैतानले आफ्नो कब्जामा लियो भने उसबाट मुक्त गर्न परमेश्वर पिता र उहाँको पुत्र एक भएर करार बाँधेका थिए। यो कार्य यस पृथ्वीलाई सृष्टि गर्नुभन्दा अघि नै भएको थियो। मानव जातिको वचावको निम्ति ख्रीष्ट आफै जमानी बन्न तिनीहरू हात मिलाएर गम्भिर बाचा बाँधेका थिए।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्*, पृ. ८३४बाट रूपान्तरित।

**व्यवस्था ५:३ पढ्नुहोस्। यस पदलाई हामीले राम्रोसँग कसरी बुझ्ने? हेर्नुहोस्, "परमप्रभुले यो करार हाम्रा पिता-पुर्खासँग होइन, तर हामीसँग, जो आजसम्म यहाँ जीवित छौं, यो बाँध्नुभएको हो।"**

मोशाले तिनीहरूलाई के भनिरहेका थिए? उनले सम्बोधन गरेका तत्कालिन इस्राएलीहरूका बाबुआमाहरू बितिसकेका थिए। तिनीहरूका बाबुआमाहरूसँग स्थापना गरेको गरिमामय करार अब तिनीहरूसँग पनि गरेको छ भनेर उनले सुनाएका थिए। जसरी विगतको पुस्ताले परमेश्वरको करार वा दश आज्ञाहरूलाई जथाभावी प्रयोग गरे वा वेवास्ता गरे त्यसरी नै तिनीहरूले नगरोस् भनेर मोशाले थाहा दिएका थिए। प्रतिज्ञाहरू र जिम्मेवारीहरू अब तिनीहरूको हातमा राखिदिएको थियो।

## ४. परमेश्वरका विशेष जनहरू

इस्राएलीहरू मरुभूमिमा यात्रा गरिरेहको समयमा त्यसबेलाका पौराणिक संसार कस्तो थियो अहिले हामीले बुझ्न गाऱ्हो छ। त्यसबेलाको इस्राएलका वरिपरि रहेका अनेकौं राज्य र सभ्यताहरू अहिले केवल भग्नावशेषमामात्र पुरिएका छन्। त्यसले गर्दा इस्राएलीहरूको अस्तित्व भएको बेलाका धेरै सानातिना मूर्तिपूजक राष्ट्रहरूको बारेमा हामीलाई कसरी थाहा हुन्छ र?

धेरै त त्यसको बारेमा हामीलाई ज्ञान छैन। तर त्यसबेलाको मध्यपूर्व एशिया वा पूरै एशिया महादेश सर्वशक्तिमान सृष्टिकर्ता परमेश्वरको आराधना

नगरि सृष्टिलाई नै भगवान हो भनेर पूजा गर्ने, अनेकौं देवीदेवता र तिनीहरूका मूर्तिहरूलाई पूजा गर्ने बालकहरूलाई बलिदिने जस्ता अत्यन्तै घटिया धार्मिक र सामाजिक चलनचल्तीहरू ती देशहरूका मानिसहरूले पालन गर्दथे। कुनै देवी वा देवताहरूको नाउँमा आफ्नै बालबच्चाहरू बलिदिने जस्तो दुष्ट संस्कृति, सभ्यता र धर्मको कल्पना पनि गर्द सक्दैनौं (हुन त हाम्रो एशिया महादेशका देशहरूको निम्ति नरबलि चलन केवल कथा वा पुराणमामात्र नभएको पाइन्छ। सन २०१५मा एक जना झाँक्रिको सल्लाह अनुसार नेपालको एउटा गाउँमा १० वर्षको बालकलाई बलि दिएको थियो-सिएनएन न्युज जुलाई २७, २०१५-अनुवादक)।

पौराणिक इस्राएलको इतिहासभरि तिनीहरूका छिमेकी राष्ट्रहरूले गरेका धर्म र संस्कारहरू पालन नगर्न परमेश्वरले बारम्बार चेतावनी दिनुभएमा हामी अचम्म मान्नु हुन्न। व्यवस्था १८:९-१२मा मोशाले यसरी सम्बोधन गरेका थिए "९ परमप्रभुले तिमीहरूलाई दिनुहुने देशमा तिमीहरू आइपुगेपछि त्यहाँ बस्ने जातिहरूका घृणित रीतिरिवाजहरू देखासिकी नगर्नू। १० आफ्नो छोरा वा छोरीलाई आगोमा बलि गर्ने, शकूनअपशकून बताउने, जोखना हेर्ने, जादूगरी गर्ने, ११ टुनामुना गर्ने, मृतसँग सल्लाह लिने बिजुवा वा झाँक्री तिमीहरूका बीचमा कोही नहोस्। १२ यस्तो काम गर्ने व्यक्ति परमप्रभुको अगि घृणित हो। यी घृणित रीतिथितिहरूको कारणले परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरूलाई तिमीहरूका सामुबाट निकालिदिनुहुनेछ।"

ती घृणित संस्कारले पोतिएको राष्ट्रहरूको बीचबाट परमेश्वरले इस्राएलीहरूलाई छान्नुभएर बेग्लै र विशेष लक्ष्यको निम्ति अलग राख्नुभएको थियो। परमेश्वरसँगको करारमा पसेपछि तिनीहरू विशेष जाति हुन गएको थियो। तिनीहरूको विशेष लक्ष्य थियो, संसारको सामु स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने केवल एकमात्र सृष्टिकर्ता परमेश्वरको निम्ति गवाही बन्नु।

**व्यवस्था २६:१६-१९ पढ्नुहोस्। परमेश्वर र इस्राएलीहरूको बीचमा भएको करारको सम्बन्धलाई ती पदहरूले सारांशको रूपमा कसरी प्रस्तुत गरेको छ? करारप्रति प्रतिबद्धता कायम गरिरहँदा तिनीहरू कस्तो खालका मानिसहरू हुन् भनेर तिनीहरूले कसरी देखाउने? त्यसबाट हामीले नै कस्तो पाठ सिक्ने? हेर्नुहोस्, "१६ यी नै विधिविधान पालन गर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आज आज्ञा दिनुहुन्छ। तिमीहरूले ती आफ्नो सारा हृदय र सारा प्राणले ध्यानसित पालन गर। १७ "परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ, हामी उहाँका मार्गमा हिँड्नेछौं र उहाँका विधि, आज्ञा र विधानहरू**

**मान्नेछौं, र उहाँको वचन पालन गर्नेछौं" भनी तिमीहरूले आज निश्चय गरेका छौ। १८ आज परमप्रभुले तिमीहरू उहाँको प्रतिज्ञाअनुसार आफ्नै प्रजा र उहाँको अमूल्य सम्पत्ति बनेका छौ र तिमीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्नैपर्छ भनी घोषणा गर्नुभएको छ। १९ तिमीहरूलाई उहाँले बनाउनुभएका सबै जातिहरूलाई भन्दा बढ़ी प्रशंसा, सम्मान र कीर्ति दिनुहुनेछ, र उहाँको प्रतिज्ञाअनुसार तिमीहरू परमप्रभु आफ्ना परमेश्वरको निम्ति एक पवित्र जाति हुनेछौ भनी उहाँले घोषणा गर्नुभएको छ।"**

"यी नै", "आज", भन्ने जस्ता वर्तमान समयसापेक्षित शब्दहरू प्रयोग गरि परमेश्वरले आदेश दिनुभएको विधिबिधानहरू पालन गर्न मोशाले दिएका निर्देशन अचम्मको मान्नुपर्दछ। ४० वर्षसम्म उनले त्यही आदेशहरू उनले इस्राएलीहरूलाई सिकाइरहेका थिए। तिनीहरू परमेश्वरको विश्वासी, पवित्र जन र विशेष जनहरू हुन त्यसैबेला आफूहरूलाई समर्पित गर्न मोशाले फेरि आह्वान गरेका थिए (पद १७ मोशाले त्यही अवधारणा फेरि भन्दछन्)। तिनीहरू करारको राष्ट्र हुने तिनीहरूको पहिचाननै तिनीहरूले परमेश्वरका आदेशहरू पालन गरेर देखाउने थियो। त्यही केन्द्रिय कारणले गर्दा तिनीहरू बिशेष जाति भएर खडा भएको थियो। सारा विश्वमा तिनीहरूमात्र एक राष्ट्र थियो जसले सत्य परमेश्वरलाई चिनेको थियो, उहाँको सत्यताको बारेमा तिनीहरूलाई ज्ञान थियो र तिनीहरू अर्थमूलक र दिर्घायु भएर बाँचेको परमेश्वर चाहनुहुन्छ भन्ने आत्मज्ञानले सम्पन्न भएको थियो। तिनीहरूमा "वर्तमान वा समयसापेक्षित सत्य" थाहा थियोमात्र होइन तिनीहरू आफै पनि सत्यको खोल लगाएर बस्नुपर्थ्यो। जबसम्म येशू जो "सत्य" आफै हुनुहुन्छ, उहाँ नआउञ्जेल तिनीहरू विश्वको सामु विशेष सत्यवादी र सत्य परमेश्वरलाई चिनाउने राष्ट्र हुने अवसर उहाँले दिनुभएको थियो।

**"आजकै दिन" परमेश्वरमा समर्पित हुनु भन्ने धारणा र उहाँका करारसँग सम्बन्धित आवश्यकता तिनीहरूले पूरा गर्नुपर्ने धारणा तिनीहरूलाईमात्र होइन हामीलाई पनि किन समयसापेक्षित वा महत्त्वपूर्ण छ?**

## ५. अरू प्रतिकहरू

तत्कालिन राष्ट्रराष्ट्रहरूको बीचमा गरिने करारको सम्झौता र परमेश्वरले इस्राएलीहरूसँग गर्नुभएको करारमा समानता भएको बाइबलका विद्वानहरूले महसुस गरेकाछन्। यो समानताले हामीलाई छक्क पार्नुहुँदैन।

इस्राएलीहरूले बुझेका वातावरण र परिवेशमा परमेश्वर तिनीहरूसँग काम गरिरहनुभएको थियो।

फेरि त्यसैबखत करारको अवधारणा वा दुई समूहहरूको बीचमा हुने विभिन्न नियमहरू समावेश भएको कानुनी सहमत औपचारिक र सजिलैसँग सेलाउन सक्ने हुनसक्छ। हो, परमेश्वरसँग गरिने करारमा कानुनी प्रावधानहरू हुनुपर्दछ किनकि परमेश्वर आफै कानुन वा व्यवस्थाको परमेश्वर हुनुहुन्छ। तर परमेश्वरले आफ्ना जनहरूसँग स्थापना गर्न चाहनुभएको सम्बन्ध केवल औपचारिक र कानुनी हिसाबले नहेरि अझ फराकिलो र गहिऱ्याइ हिसाबले हेर्नुपर्छ र अनुभव गर्नुपर्छ भन्ने परमेश्वरको चाहना हो। त्यसकारण परमेश्वर र इस्राएलीहरूको बीचमा भएको करारको सम्बन्धलाई अझ राम्रोसँग बुझाउन व्यवस्थाको पुस्तकमा करारको बारेमा अरू चित्रणहरू गरेको छ।

**देहायका पदहरू हेर्नुहोस्। कस्तो किसिमको प्रतिक वा चित्रण गरिएको छ र यसले परमेश्वर र उहाँका जनहरूको बीचमा भएको सम्बन्धलाई अझ कसरी राम्रोसँग बुझाउन प्रयास गर्दछ? हेर्नुहोस्, व्यवस्था ८:५ "तिमीहरूले यो जान, कि मान्छेले आफ्नो छोरालाई अनुशासनमा राखेको झैं परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई अनुशासनमा राख्नुहुन्छ (रूपान्तरित)", व्यवस्था १४:१,२ "१ तिमीहरू परमप्रभु आफ्ना परमेश्वरका सन्तान हौ। मृतकहरूका लागि तिमीहरूले आफ्नो शरीरमा घाउ नपार्नू, शिरको अगाड़िको भाग नखौरनू। २ किनकि तिमीहरू त परमप्रभु आफ्ना परमेश्वरको लागि एक पवित्र जाति हौ। परमप्रभुले पृथ्वीमा भएका समस्त मानिसजातिबाट तिमीहरूलाई नै आफ्नो अमूल्य सम्पत्ति हुनलाई चुन्नुभएको छ।" र व्यवस्था ३२:६,१८-२० "६ के यसरी नै तिमीहरूले परमप्रभुलाई कृतज्ञता देखाउँछौ, हे मूर्ख र बुद्धि नभएका मानिसहरू तिमीहरूलाई सृष्टि गर्ने र बनाउने उहाँ नै तिमीहरूका पिता, तिमीहरूका सृष्टिकर्ता हुनुहुन्न र?... १८ तिमीहरूलाई जन्माउने चट्टानलाई तिमीहरूले त्याग्यौ, तिमीहरूलाई जन्म दिनुहुने परमेश्वरलाई तिमीहरूले बिर्स्यौ। १९ त्यो देखेर परमप्रभुले तिनीहरूलाई तिरस्कार गर्नुभयो, किनभने उहाँका छोराछोरीहरूको कारण उहाँलाई रीस उठ्यो। २० तब उहाँले भन्नुभयो, "म तिनीहरूबाट आफ्नो मुख लुकाउनेछु, अनि तिनीहरूको अन्त के हुनेछ, म हेर्नेछु। किनकि तिनीहरू उल्टा पुस्ताका हुन्, विश्वासघाती सन्तानहरू हुन्।"**

**फेरि देहायका पदहरू पढ्नुहोस्। यहाँ पनि चित्रण गरिएको प्रतिक के हो र यसले पनि आफ्ना जनहरूसँग परमेश्वरले कस्तो सम्बन्ध राख्न चाहनुभएको देखाउँछ? हेर्नुहोस्, व्यवस्था ४:२० "तिमीहरूलाई चाहिँ परमप्रभुले**

**लिएर फलामको भट्टीदेखि जस्तै मिश्रदेखि, तिमीहरू अहिले भएझैं आफ्नो निज उत्तराधिकारी बनाउन निकाली ल्याउनुभयो।" र व्यवस्था ३२:९ "परमप्रभुको निज हिस्सा उहाँका मानिसहरू हुन्,**
**याकूब उहाँका अंशको भाग हुन्।"**

माथि व्यक्त गरिएका अवधारणाहरूमा आदर्श परिवारलाई औंल्याउँछ। परिवारको बीचमा घनिष्ठ, बलियो र प्रेमिलो सम्बन्ध हुनुपर्दछ। आफ्ना जनहरूसँग त्यस खालको सम्बन्ध होस् भनेर परमेश्वरको इच्छा सधैं हो। तिनीहरूले येशूलाई लज्जास्पदरूपमा तिरस्कार गरेर उहाँलाई क्रुसमा टाँगेतापनि पुनरुत्थानपछि येशूले दुवै मेरीहरूलाई भन्नुभयो, "जाऊ र मेरा भाइहरूलाई गालिलमा जाऊ भन, र त्यहाँ तिनीहरूले मलाई देख्नेछन्" (मत्ती २८:१० रूपान्तरित)। पुनरुत्थान हुनुभएको येशूले नै उहाँका यहूदी चेलाहरूलाई मेरा भाइहरू भनेर सम्बोधन गर्नुभयो। योग्य नठहरिएका मानिसहरूलाई पनि ख्रीष्टको प्रेम र अनुग्रहको प्रवाह भएको थियो। परमेश्वर र मानव जगतसँगको सम्बन्धलाई उहाँले देखाउनुभएको महत्त्वपूर्ण तत्वहरू नै उहाँको प्रेम र अनुग्रह हो त्यो पनि ती तत्वहरू पाउन योग्य नभएतापनि।

**परमेश्वरसँग तपाईंको सम्बन्ध कस्तो छ? उहाँको व्यवस्था पालन गर्न तपाईंले उहाँसँग करार बाँध्नु भएको परिप्रेक्ष्यमा तपाईं उहाँसँगको प्रेममा अझ गहिऱ्याइमा जान र उहाँलाई प्रेम गर्न सिक्नुहुन्छ? ती दुई धारणाहरू किन एक आपसमा बाँझिन्दैन बरू आदरणीय छ?**

## उपसंहार

**थप जानकारीः** "औपचारिक वा विधि पूरा गर्ने धर्मलेमात्रै मानिसहरू धर्मको बन्धनमा परेको महसुस हुन्छ। हामीहरूकै शक्ति वा बलले परमेश्वरको व्यवस्थालाई पालन गर्ने दावीले विधिवाद जन्माउँछ। यदि हामी अब्राहमसँग गरिएको करारमा आउन सक्यौं भनेमात्र हामीलाई आशा छ। त्यो करार हो येशू ख्रीष्टलाई विश्वास गरेर अनुग्रहको करारमा पर्नु। जुन आशा दिएर अब्राहमलाई सुसमाचार सुनाइएको थियो त्यही सुसमाचार अहिले हामीलाई प्रचार गरिएको छ। यसैबाट हामीलाई आशा पाउँछौं। अब्राहमले येशूलाई हेरे जो हाम्रो विश्वास वा आस्थाको लेखक र अन्त्य हुनुहुन्छ"-एलेन जी ह्वाइट कमेन्टस, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०७७बाट रूपान्तरित।

"यदि सैतानले मानिसलाई आफ्नो कब्जामा लियो भने उसबाट मुक्त गर्न परमेश्वर पिता र उहाँको पुत्र एक भएर करार बाँधेका थिए। यो कार्य

यस पृथ्वीलाई सृष्टि गर्नुभन्दा अघि नै भएको थियो। मानव जातिको वचावको निम्ति ख्रीष्ट आफै जमानी बन्न तिनीहरू हात मिलाएर गम्भिर बाचा बाँधेका थिए। यो बाचा येशूले पूरा गर्नुभएको थियो, जब उहाँले क्रुसबाट "अब सिद्धियो" चित्कार गरेर पितालाई सम्बोधन गर्नुभएको थियो। तिनीहरूको बीचमा भएको सम्झौता पूर्णै तरिकाले कार्यन्वयन भएको थियो। अब उहाँले पितासमक्ष यो घोषणा गर्नुहुन्छः अब सिद्धियो। हे मेरा प्रभु, मैलै तपाईंको इच्छा पालन गरें। मुक्तिको काम मैले सम्पन्न गरें। यदि मैले गरेको काममा तपाईं संतुष्ट हुनुहुन्छ भने, "तपाईंले मलाई दिनुभएकाहरू पनि म जहाँ छु त्यहीं तिनीहरू पनि होस्' यूहन्ना १९:३०, १७:२४"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ८३४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. संसारको स्थापना गर्नुभन्दा अघि नै पिता र पुत्र हामी पतित मानव जातिलाई उद्धार गर्न हात मिलाउनुभएको थियो। यसको बारेमा ध्यान दिनुहोस्। यसले हामीलाई किन हौशला दिन्छ? उहाँको राज्यमा हामी पस्न चाहेको परमेश्वरको चाहनाको बारेमा त्यसले के भन्छ?

आ. पौराणिक इस्राएलले पूरा गर्नु पर्ने काम हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले कसरी पूरा गर्न सक्छौं? तिनीहरूले गरेका गल्तीहरू हामीले पनि नगरौं भनेर हामीले कसरी सिक्ने?

इ. सुसमाचार र सुसमाचारका प्रतिज्ञाहरूको अवधारणा नयाँ करारको केन्द्रविन्दु किन भएको छ? साधारणतया इसाईहरूले नयाँ करारमा परमेश्वरको व्यवस्था खारेज भयो भनेर सिकाउँछन्। नयाँ करारमा के यस्ता पदहरू छन् जुन अरू इसाईहरूसँग त्यस धारणामा हामी सहमत छैनौं भनेर सिकाउँदछ? सुसमाचारले दश आज्ञाहरू पालन गर्नुपर्दैन भनेर धेरै इसाईहरूले किन सिकाउँछन् होला?

# कथा ३
# स्वर्गसँग सम्पर्क
# क्याथिएलहार्टमान, ५५ मङ्गोलिया



**प्रस्तोताः** *मङ्गोलियामा कम्युनिस्ट राज्यबाट सन १९९०को जनक्रान्तीपछि बहुदलिय शासनको स्थापना भएको थियो। सन १९९२मा नयाँ सम्बिधानमा धार्मिक स्वतन्त्रता प्रदान गरिएको थियो। त्यो भन्दा पहिले कम्युनिस्ट शासनमा धार्मिक स्वतन्त्रतामा बन्देज थियो। क्याथी र उनका श्रीमान ब्राड कम्युनिस्ट शासनपछि पहिलो एडभेन्टिस्ट प्रचारक भएर मङ्गोलियामा गएका थिए (अहिले उहाँको श्रीमान प्रभुमा सुतिसक्नुभएको छ)। उहाँहरू सन १९९१मा एडभेन्टिस्ट फ्रन्टियर मिसनसँग आएका थिए। यो मिसन सेभेन्थ-डे एडभेन्टिस्ट अभियानलाई समर्थन गर्ने संस्था हो। आज पनि क्याथीले मङ्गोलियामा परमेश्वरको निम्ति सेवाकार्य गरिरहेकी छिन्। क्याथी, हामीलाई भन्नुहोस्, तपाईं कसरी प्रार्थना गर्नुहुन्छ?*

**क्याथीः** जब हामी सन १९९१मा मङ्गोलियामा आइपुग्यौं तब परमेश्वरसँग युद्धस्तरमा प्रार्थना गर्नुपर्छ भनेर मेरो मनमा घचघचाइरहेको थियो। तर मैले प्रार्थना गरें, "प्रभु म सधैं प्रार्थना गरिनै रहेको छु। म युद्धस्तरमा प्रार्थना गर्ने व्यक्ति होइन, हो र?" मैले परमेश्वरसँग वादविवाद गरें।

मेरो श्रीमान ब्राडको मृत्युपछि मैले दोस्रो विवाह गरें। त्यसपछि केही समयको लागि हामी एशियाको अर्कै देशमा सऱ्यौं। युद्धस्तरमा प्रार्थना गर्न परमेश्वरले मलाई फेरि आह्वान गरिरहनुभएको मैले महसुस गरें। त्यसपछि म आजित भएर भनेर परमेश्वरलाई भनें, "हुन्छ त, म दिनको तीनपटक प्रार्थना गर्छु भनेर मेरो दैनिक तालिकामा राख्छु।"

जब मेरो श्रीमान र ती छोरीहरू मिलेर दिनको तीन पटक प्रार्थना गर्न थाल्यौं, तब अचम्मको कामहरू हुन थाल्यो। डेराको निम्ति हामी महिनौंसम्म खोजिरहेका थियौं र परमेश्वरले हामीलाई रहने घर उपलब्ध गराउनुभयो। मेरो श्रीमान र मैले अङ्ग्रेजी सिकाउने काम गर्थ्यौं, केही समयपछि त्यो कामबाट हामीलाई छुटाइयो तर परमेश्वरले त्यो भन्दा झन असल नयाँ सिक्षकको काम दिलाइदिनुभयो।

परमेश्वरलाई निरन्तररूपमा प्रार्थना गर्दा हाम्रो निम्ति परमेश्वरले चाल्नुभएको त्यो कदम पहिलो थियो। तब दोस्रो कदममा नयाँ करारमा येशूले बारम्बार "जागा रहनु र प्रार्थना गर," भन्नुभएको अर्थ के हो भनेर मैले सोच्न थालें। त्यसको अर्थ खास के थियो मलाई थाहा थिएन। एलेन जी ह्वाइटको पुस्तकहरूबा जागा रहनु र प्रार्थना गर्नु भन्ने भनाइहरू जम्मा गरें, अनि मैले एउटै लेख बनाएँ। "जागा रहनु"को अर्थ मैले यो बुझें कि हामीहरूका भावनाहरूप्रति हामी सतर्क हुनुपर्दछ, हामीले के बोल्छौं त्यसमा पनि हामी होसियार हुनुपर्छ र अरूहरूप्रति हाम्रो हेर्ने बानी राम्रो छ कि नराम्रो, सोप्रति पनि हामी चनाखो हुनुपर्छ।

किशोरी अवस्थामा मेरी छोरीहरू विभिन्न कुराहरूसँग संघर्ष गरिरहेका थिए। अनि मैले तिनीहरूलाई बारम्बार सोध्थें, "के तिमीहरू चनाखो भएर प्रार्थना गर्‍यौं?" प्रायजसो, तिनीहरूले गरेका छैनौं भनेर जवाफ दिन्थे। हाम्रो घरमा प्रार्थनाको निम्ति एउटा कोठा छुट्यायौं। त्यहाँ हामीले दिनको तीन पल्ट व्यक्तिगतरूपमा हाम्रा पापहरू स्वीकार गर्न, हाम्रा कमजोरीहरू परमेश्वरलाई बताउन र तिनीहरूको सट्टा हामीमा प्रेमिलो र नम्र आत्मा होस् भनेर प्रार्थना गर्न थाल्यौं। त्यसले गर्दा हाम्रो पारिवारिक सम्बन्ध पनि सुमधुर हुन थाल्यो।

**प्रस्तोताः** *तपाईंले बाइबल कसरी पढ्नुहुन्छ?*

**क्याथीः** एडभेन्टिस्ट चर्चको अग्रज विलियम मिलरले कसरी बाइबल पढ्नुहुन्थ्यो सो मैले पढेको थिएँ। उहाँले ध्यानपूर्वक बाइबलको पद एक एक गरि पढ्नुहुन्थ्यो र त्यसको अर्थ खोतल्नुहुन्थ्यो। मैले पनि त्यसै गर्न निर्णय गरें। अझ हिब्रू भाषा वा ग्रीक भाषाका बाइबलका पदहरूसँग अङ्ग्रेजी पदहरू तुलना गरेर अध्ययन गरियो भने झन मज्जा आउँदो रहेछ।

अहिले म मङ्गोलियन भाषामा लेखेको बाइबल पढेर मङ्गोलियन भाषा राम्ररी सिक्न खोज्दैछु। कापीसँगै राखेर अङ्ग्रेजी र मङ्गोलियन भाषाको बाइबलको एक एक पद केलाएर अध्ययन गर्दछु। यसरी पढ्दा धेरै समय लाग्छ, तर दिनको एउटा अध्याय पढ्न प्रयास गर्दैछु।

मङ्गोलियन भाषामा बाइबल पढ्दा मैले बाइबलको नयाँ अर्थहरू बुझ्न सकें किनकि कतिपय पदहरू आफ्नै मङ्गोलियन भाषा सुहाउँदो गरेर अनुवाद गरिएको हुन्छ। एक दिन मैले व्यवस्था ३३:१ पद अङ्ग्रेजीमा पढें, "मोशा,

परमेश्वरको मानिस।" तर मङ्गोलियन भाषामा अनुवाद गरिएको छ, "परमेश्वरको व्यक्ति मोशा (अझ पुरुष भनेर सम्बोधन गरिएको छ-नेपाली सरल अनुवादमा मोशा परमेश्वरको जन भनेर अनुवाद गरिएको छ-अनुवादक)।" यसबारेमा मैले सोचें, "के क्याथी पनि परमेश्वरको व्यक्ति वा जन भन्न सकिन्छ?" त्यो दिनको निम्ति त्यो पद नै काफी थियो।

**प्रस्तोताः** *तपाईंले येशूको बारेमा अरूलाई कसरी सुनाउनुहुन्छ वा गवाही दिनुहुन्छ?*

**क्याथीः** कतिपय देशहरूको कानुनले गर्दा येशूको बारेमा खुलमखुल्ला सुनाउन बिदेशीहरूलाई कठिन छ। तर तपाईंले प्रश्नहरू सोध्ने अवसर मानिसहरूलाई दिन सक्नुहुन्छ, कतिपय समयमा तिनीहरूका जवाफहरू अत्यन्तै उपयुक्त हुन्छन्।

म अङ्ग्रेजी भाषाको शिक्षक हुँ। जब म हाजिर लिन्छु तब विद्यार्थीहरूलाई कागजमा केही न केही लेख भनेर अऱ्हाउँछु। तिनीहरूले लेख्नको निम्ति म समय दिन्छु र त्यसको जवाफ पनि दिन्छु। कतिपय विद्यार्थीहरूले आफ्ना मन खुलाएर लेख्दथे।

कतिपय समयमा अरूहरूलाई साथी बनाउँछु, र मेरो घरमा भेटघाट गर्न वा खाना खान बोलाउँछु। जब मानिसहरू केवल एक, एक जनामात्रै हुन्छन्, तब तिनीहरू दिल खोलेर छलफल गर्दछन्। यसरीनै मैले मङ्गोलियन भाषा पनि सिकें।

मेरो दैनिक प्रार्थनाले सावलका वचनहरूको प्रतिध्वनी गर्दछ। जब उनले येशूलाई डमस्कसको बाटोमा देखे तब उनले उहाँसँग सोधे, "प्रभु, तपाईंले मलाई के गरेको चाहनुहुन्छ?" जब हामी पनि "प्रभु, तपाईंले हामीलाई के गरेको चाहनुहुन्छ?" त दिनदिनै उहाँको चाहना पालन गर्न नयाँ नयाँ अवसरहरू हामी पाउन सक्छौं।"

**-लेखक आन्ड्र्यु मेकचेस्नी**